## क्याम्पस/कलेज भर्ना समितिले भर्ना कार्यतालिका बमोजिम निम्नानुसार कार्य गर्नेछ :

१. सम्बन्धित क्याम्पस/कलेजहरुले सबै आवेदन तथा भर्ना सूचीहरु सहितको भर्ना सम्बन्धि पूर्ण विवरण क्याम्पस/कलेजको भर्ना Portal बाट उपलब्ध गराउनु पर्नेछ। इ.अ.सं. प्रवेश परीक्षा २०७५/०७६ मा उत्तीर्ण आवेदकहरुबाट सम्बन्धित क्याम्पस/कलेजले आ-आफ्नो क्याम्पस/कलेजमा भर्ना हुन इच्छुक आवेदकहरुको प्राथमिकता सहितको आवेदन कार्यतालिका बमोजिम Online मार्फत संकलन गर्ने ।

२. इ. अ. स. को शैक्षिक वर्ष २०७५/७६ को BE/BArch भर्ना कार्यक्रमका लागि सबै क्याम्पस/कलेजहरुले Admission Priority Application फारम Online मार्फत भर्ने ब्यबस्था मिलाउनु पर्नेछ। उक्त Online Portal केन्द्रिय भर्ना Portal मा link राख्नु पर्ने हुनाले सबै क्याम्पस-कलेजहरुले मिति २०७५-०५-०४ गते सम्म केन्द्रिय भर्ना अनुगमन समितिलाई जानकारी गराइ केन्द्रिय भर्ना Portal मा link राख्नु पर्नेछ।

**क्याम्पस/कलेज भर्ना समितिले निम्न कार्य तालिका अनुसार कार्य गर्नु पर्ने।**

| **प्रथम भर्ना कार्यक्रम र समय तालिका** | |
|---|---|
| **प्रथम**, दोस्रो तथा तेस्रो **भर्ना सूची** (First, Second and Third Admission List) **प्रकाशनका लागि आवेदन खोल्ने** | २०७५-०५-०५ गते बिहान १०:०० बजे देखि २०७५-०५-०८ गते साँझ ५:०० बजे सम्म। |
| आवेदकले प्राथमिकता संशोधन गर्न सक्ने, BArch झुकाव परीक्षा लिने, **प्रथम भर्ना सूची प्रकाशन गर्ने र** आवेदन सूची सहित प्रथम भर्ना सूची **केन्द्रिय भर्ना** Portal **मा** Upload **गर्ने** | २०७५-०५-०९, १०, ११ र १२ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **प्रथम भर्ना सूची उपर दाबी विरोध गर्ने** | २०७५-०५-१३ गते १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| **संशोधित प्रथम भर्ना सूची** प्रकाशित गरी **केन्द्रिय भर्ना** Portal **मा** Upload **गर्ने** | २०७५-०५-१३ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **प्रथम भर्ना सूचीबाट** विद्यार्थी **भर्ना गर्ने** | २०७५-०५-१४, १५, १६, १७ र १८ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **दोस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| **दोस्रो भर्ना सूची प्रकाशन**को लागि आवेदकहरुको सूची सम्बन्धित क्याम्पस/कलेजहरुले **केन्द्रिय भर्ना** Portal बाट Download गर्ने | २०७५-०५-१८ गते साँझ ६:०० बजे पछि। |

| | |
|---|---|
| दोस्रो भर्ना सूची प्रकाशन गर्ने र केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७५-०५-२० गते बिहान १०:०० बजे भित्र। |
| दोस्रो भर्ना सूची उपर दाबी विरोध गर्ने | २०७५-०५-२० गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित दोस्रो भर्ना सूची प्रकाशित गरी केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७५-०५-२० गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| दोस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने | २०७५-०५-२१ र २२ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **तेस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| क्याम्पस/कलेजहरुले आवश्यकता अनुसार **तेस्रो भर्ना सूचीका लागि नयाँ आवेदन** थप गर्न **सक्ने**, **प्राथमिकताक्रम परिवर्तन गर्न सक्ने**, BArch झुकाव परीक्षा लिने र **आवेदन सूची अद्यावधिक** गरी तेस्रो भर्ना सूची प्रकाशन गर्ने। यसरी थप आवेदन लिने वा प्राथमिकताक्रम परिवर्तन गर्ने भए सो को जानकारी क्याम्पस भर्ना कार्यक्रममा समावेश गरी विद्यार्थीलाई पहिले नै जानकारी दिनु पर्नेछ। | २०७५-०५-२३ र २४ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| आवेदन सूची सहित **तेस्रो भर्ना सूची केन्द्रिय भर्ना** Portal **मा** Upload **गर्ने** | २०७५-०५-२५ गते बिहान १०:० बजे भित्र। |
| तेस्रो भर्ना सूची उपर दाबी विरोध गर्ने | २०७५-०५-२५ गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित तेस्रो भर्ना सूची प्रकाशित गरी केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७५-०५-२५ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| तेस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने | २०७४-०५-२६ र २७ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |

**सबै क्याम्पस/कलेजहरुले प्रथम, दोस्रो र तेस्रो सूची लगायत पछिल्ला भर्ना सूचीहरु Entrance Rank को योग्यताक्रम (Merit Basis) अनुसारनै प्रकाशित गरि इ. अ. स. ले उपलब्ध गराएको केन्द्रिय Portal बाटै भर्ना गर्नु पर्नेछ।**

३. कार्यतालिका बमोजिम आवेदन गर्ने म्याद सकिएपछि आवेदकहरुको प्राथमिकता सहितको सूची तयार गरी तोकिएको मितिमा प्रकाशित गर्ने र सो केन्द्रिय Web Portal मा Upload गर्ने ।

४. आवेदकहरु मध्येबाट इ.अ.सं.ले तोकेको कार्यक्रमहरुमा स्वीकृत सिट संख्या भित्र रहने गरी Merit (Entrance Rank) को आधारमा प्रथम भर्ना सूची तयार गरी **केन्द्रिय भर्ना पोर्टलमा** Entrance Roll No. र कायक्रम Upload गर्ने । यसरी **भर्ना सूची** Upload गरीसके पछि केन्द्रिय Web Portal बाट भर्ना सूचीको Report Download गरी आ-आफ्नो सुचना पाटिमा टाँस गर्नु पर्नेछ । **केन्द्रिय भर्ना पोर्टलमा** Upload **भएको विवरण यकिन गरेर मात्र तोकिएको मितिमा बिध्यार्थी भर्ना गर्ने। अन्यथा गरि बिद्‍यार्थी भर्ना गरेमा सो बाट उत्पन्न हुने समस्याको भगिदार सम्वन्धित क्याम्पस/कलजेनै हुनेछ।**

५. प्रकाशित भर्ना सूचीमा दावी विरोध पर्न आई संशोधन गर्नु पर्ने भएमा नियमानुसारको संशोधित सूची Upload गर्ने ।

६. भर्ना सूचीमा नाम प्रकाशित भएका उम्मेदवार मध्येबाट इ.अ.सं.ले तोकेको न्यूनतम योग्यता पुगेकाहरुको सक्कल प्रमाणपत्र रुजु गरी योग्य आवेदकहरुलाई मात्र **केन्द्रिय** भर्ना Portal **मार्फत** भर्ना गर्ने । **भर्ना भएका** विद्यार्थीहरुलाई **भर्ना हुँदाका बखतनै केन्द्रिय भर्ना पोर्टलले उपलब्ध गराएको Confirmation Page** अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

७. विद्यार्थी**हरुले** भर्ना रद्द गर्न **निवेदन दिएका** सम्बन्धित आवेदकहरुको नियमानुसार भर्ना रद्द गर्ने ।

८. प्रथम भर्ना सूचीको लागि भर्ना हुन तोकिएको मिति सकिएपछि रिक्त स्थानहरुको लागि माथि बुँदा नं ३, ४, ५ अनुरुप Updated Applicant List **केन्द्रिय भर्ना** Portal **बाट** Download **गरि** दोस्रो भर्ना सूची प्रकाशन एवं भर्ना कार्य गर्ने ।

९. **तेस्रो भर्ना सूचीका लागि नयाँ आवेदन लिने तथा प्राथमिकताक्रम अद्‍याबधिक गर्ने र** माथि बुँदा नं ३, ४, ५ अनुरुप**नै तेस्रो भर्ना** सूची प्रकाशन एवं भर्ना कार्य **गर्ने।**

१०. माथि उल्लेखित बुँदाहरु एवं इ.अ.सं. डीनको कार्यालयको ०७५/७६ प्रवेश परीक्षाको भर्ना सम्वन्धी नीति नियमहरु सँग नबाझिने गरि भर्ना कार्य सञ्चालन गर्न आवश्यक थप नीति नियम बनाइ सो सँग सम्बन्धित अन्य सूचनाहरु प्रकाशन गर्न सकिनेछ । यस प्रकारको सूचना प्रकाशित गर्दा एकिकृत भर्ना अनुगमन समितिलाई जानकारी गराउनु पर्नेछ ।

११. इ. अ. सं. केन्द्रिय भर्ना अनुगमन समिति-२०७५ को भर्ना सञ्चालन कार्यविधि र BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका-२०७५ अनुरुप र त्रि वि नियमानुसार अन्य कार्यहरु गर्नुपर्ने।

**इ. अ. सं. केन्द्रिय भर्ना अनुगमन समिति-२०७५**